# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ५६) काठमाडौं, भदौ २६ गते २०६३ साल (संख्या २०

## भाग ३

### नेपाल सरकार

### सूचना तथा सञ्चार मन्त्रालयको सूचना

नेपाल सरकारले रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ को नियम १८ को खण्ड (ग) ले दिएको अधिकार प्रयोग गरी आइ. एस. एम. ब्याण्डका २.४ गिगाहर्ज र ५.८ गिगाहर्ज फ्रिक्वेन्सीमा सञ्चालन हुने बढीमा ४ वाट (Maximum Effective Isotropic Radiated Power आउटपुट क्षमताका रेडियो यन्त्र राख्न तथा प्रयोग गर्नको लागि लाइसेन्स लिनु नपर्ने गरी तोकेकोले यो सूचना प्रकाशन गरिएको छ ।

आज्ञाले,  
शंकरप्रसाद कोइराला  
नेपाल सरकारको का. मु. सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## संसद सचिवालयको

### सूचना १

संसद सचिवालय सम्बन्धी ऐन, २०५८ को दफा ६० को उपदफा (५) तथा संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०५९ को नियम ७५ बमोजिम संसद सचिवालय संचालन तथा व्यवस्थापन समितिको मिति २०६३।३।२० को निर्णयानुसार नेपाल संसद सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणीका उपसचिव श्री भरतराज गौतमलाई मिति २०६३।३।१३ देखि ज्येष्ठता कायम हुने गरी सोही सेवा तथा समूहको राजपत्राङ्कित प्रथमश्रेणी सहसचिव पदमा बढुवा गरी यस सचिवालयमा पदस्थापन गरिएको छ।

### सूचना २

संसद सचिवालयको मिति २०६३।३।३० को निर्णयानुसार श्री इन्द्रविलास पौडेल, जीता–६, लमजुङ्गलाई नेपाल संसद सेवा, शिक्षा तथा मुद्रण समूहको राजपत्राङ्कित तृतीय श्रेणीको पुस्तकालय प्रमुख पदमा एक वर्षको परीक्षण कालमा रहने गरी स्थायी नियुक्ति गरी यस सचिवालयमा पदस्थापन गरिएको छ।

आज्ञाले,
सूर्यकिरण गुरुङ्ग
महासचिव

### भूल सुधार

खण्ड ५६ अतिरिक्ताङ्क २२ (ग), मिति २०६३।३।१९ गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित यस मन्त्रालयको सूचनाको क्रमसंख्या ११ मा "हिराप्रसाद नेपाल, अध्यक्ष, नेपाल राष्ट्रिय शिक्षक संगठन एवं पदेन सदस्य, नेपाल शिक्षक युनियन" हुनु पर्नेमा अन्यथा हुन गएकोले भूलसुधार गरिएको छ।

महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित। मूल्य रू.५।–
गो.द्व द.नं. १६।२०६२।६३

536

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।